## पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या :४ मिति : २०७६/०८/१५


**भाग-२**

## पनौती नगरपालिका

### नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि-२०७६

**प्रस्तावना**

नगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न, नगर क्षेत्र भित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा व्यवस्था गर्न एवं पार्किङ्ग व्यवस्थापन एवं परिचालन गरि सुशासन तथा व्यवस्थापन गर्न नेपालको संविधानको धारा २१४ को उपधारा (२) संग सम्बन्धित अनुसूची-८ बमोजिम प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन स्थानीय सरकार संचालन ऐन २०७४ एवं

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पनौती नगर कार्यपालिकाको मिति २०७६/०८/०५ को बैठकले यो नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम : पनौती नगरपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ रहेको छ ।

ख. यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

ख. नगरपालिका भन्नाले पनौती नगरपालिकालाई सम्झनुपर्दछ ।

ग. नगर प्रहरी भन्नाले पनौती नगरपालिकावाट करारमा सेवा लिई कामकाज गर्न खटिएको जनशक्तिलाई सम्झनुपर्दछ ।

घ. आर्थिक वर्ष भन्नाले श्रावण १ गतेवाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले पनौती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएका कर्मचारीलाई सम्झनुपर्दछ ।

च. जवान भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवानलाई सम्झनुपर्दछ ।

छ. नगर प्रहरी भन्नाले नगर प्रहरी सहायक निरिक्षक र जवान समेत सम्झनुपर्दछ ।

**३.कार्यविधिको व्याख्या नगरपालिकाले गर्ने :**

यस कार्यविधिको व्याख्या नगरपालिकाले गर्नेछ । यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरीलाई मर्का परेमा निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ । यसरी परेको निवेदन उपर आफैले गर्नुपर्ने भएमा तीन दिनभित्र कारवाही किनारा गर्नुपर्नेछ । पेश गर्नु परेमा तीन दिन भित्र नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा संचालन,रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवा :**

नगरपालिकामा नगर प्रहरीको सेवाका विभिन्न पदहरु करारमा लिईने छ । ति पदहरुमा नगर प्रहरी जनशक्तिको संख्या नगर सभाले तोके बमोजिम हुनेछ ।

**५) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

क) नगरपालिकामा नगर सभाले तोकेको नगर प्रहरीको पद र तह रहने छन ।

ख) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य र अधिकार यसै कार्यविधि र कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**६) नगर प्रहरी जनशक्तिको काम, कर्तव्य र अधिकार :**

१) नगर क्षेत्रभित्र सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउँदा लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समयमा र स्थानमा राख्न लगाउने । सो वमोजिम नगर्ने वा सार्वजनिक स्थानमा जथाभावी फोहोर गर्नेलाई कानुनी कारवाहीका लागि पेश गर्ने ।

३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले मिचेको छ छैन निरिक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित वडा कार्यालय, भुमि व्यवस्थापन शाखा तथा नगर प्रहरी संचालन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । नगर प्रमुखबाट भत्काउने आदेश भए बमोजिम भत्काउन लगाई लागेको खर्च असुल उपर गर्ने ।

४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन भुमि ब्यबस्थापन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको पाइएमा अधिकार प्राप्त अधिकारी वा पदाधिकारीवाट भत्काउने आदेश लिई भत्काउने ।

५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउने । त्यस्ता पशु सार्वजनिक स्थानमा छोडीजानेलाई पक्राउ गरी रु ५,०००/- (रुपैया पाँच हजार ) जरिवाना गर्ने र सो को अभिलेख राख्ने । पटकेको रुपमा परेकालाई दोब्बर जरिवाना गरी पेश गर्ने ।

६) स्वास्थ्यका लागि हानिकारक भैसकेका तथा सडेगलेका खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको प्रमाणित भएमा पहिलो पटक भए रु. ५०००/- (पाँच हजार) जरिवाना गराई सामान जफत गरी गाड्न लगाउने । पटकैपिच्छे यस्ता कार्य दोहोरिएमा पटकैपिच्छे रु. १०,००० /- (रुपैया दश हजार) जरिवाना गराई पसल सिलबन्दी समेत गरी कानूनी कारवाहीका लागी राय साथ पेश गर्ने ।

यसरी कारवाही गर्दा माछामासु, तरकारी, दुग्ध जन्य पदार्थ, पिउने पानी तथा खाद्य पदार्थमा अखाद्य वा अस्वस्थ वा हानीकारक पदार्थ मिसावट भएकोमा कारवाहीका लागि स्थानीय प्रशासनको सहयोगमा किनारा लगाउन नगर प्रहरी संचालन शाखामा पेश गर्ने, शाखाले खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागमा बुझाई कारबाही किनारा लगाउनुपर्ने भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

७) वजार अनुगमन गर्दा रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी जीवजन्तुहरुको काटमार गर्न नदिने र त्यस्तो गरे/गराईएको पाइएमा त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा पसल सिलबन्दी गरी संचालक वा ब्यबस्थापक सहित शाखामा पेश गर्ने वा जफत गरी नष्ट गर्ने । शाखाबाट प्रक्रिया अघि बढाई रु १०,००० /- (रुपैया दश हजार ) जरिवाना समेत असुल गर्ने र कानून बमोजिम कारवाहीको लागी अन्यत्र पठाउने प्रकृतिको कार्य भएको भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

८) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेको जीवजन्तु समयमै गाड्न लगाउने । सार्वजनिक क्षेत्रमा कुकुरलाई दिसा गराउन निषेध गर्ने, अटेर गर्ने लाई रु ३,०००/- (तिन हजार ) जरिवाना गर्ने । पटके भए पटकै पिच्छे रु ५,०००/- (पाँच हजार ) जरिवाना गर्ने । छाडा कुकुरको कारण दुर्घटना बढ्नुका साथै रेविज जस्ता घातक रोग समेत फैलने

भएकाले समुदायको सहयोगमा ब्यबस्थापन गर्न पशुपंछी विकास शाखाको समन्वयमा कारवाही गर्ने ।

९) साँध सीमानामा बाधा पुऱ्याउने, सार्वजनिक सम्पत्तिको उपयोगमा बाधा पुऱ्याउने खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र प्रमुखको निर्देशनवाट भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरी विवरण सहित शाखामा दाखिला गर्ने ।

१०) वडा कार्यालय, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११) नगरपालिकाको चल अचल सम्पति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने र सुव्यवस्था कायम राख्ने ।

१२) नगरपालिकाको न्यायिक समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

१३) स्थानीयस्तरमा परम्परादेखि चल्दै आएका चाडपर्व, जात्रा, मेला आदिको सुरक्षामा सहयोग गर्ने ।

१४) ईजाजत बिना पेशा ब्यवसाय गरेको फेला परेमा उक्त पेशा ब्यवसाय दर्ता/नवीकरण गर्न लगाउने ।

१५) नगरपालिकाको क्षेत्रमा भित्तेलेखन, पोलव्यानर, क्रसव्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतः प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई ५,०००/- (पाँच हजार) जरिवाना सहित कारवाहीका लागि पेश गर्ने ।

१६) विना ईजाजत व्यानर, होर्डिङ्गबोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामाग्री हटाई प्रति ईकाइ रु ५,०००/- (रुपैयाँ पाँच हजार ) जरिवाना गर्ने ।

१७) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट निर्देशन भए बमोजिम सहभागी हुने ।

१८) नापतौलका सामाग्रीको चेक जाँच गर्नुपर्ने भएमा कानून वमोजिम गठित निकायमा जानकारी गराउने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक जाँच गर्ने कार्यमा शाखालाई प्रतिवेदन गरी शाखाबाट कार्यवाही अगाडी बढाउन परिचालन गरे बमोजिम खटिई जाने ।

१९) होटल, रेष्टुरेन्ट, गेष्टहाउस, मसाजपार्लर जस्ता गतिविधिहरुको निरिक्षण गर्ने निधारित मापदण्ड अनुरुप चलेको नपाईएमा कारवाहीका लागी पेश गर्ने ।

२०) नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थानमा विना अनुमति संचालन हुने जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२१) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने ।

२२) अरुलाई वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गरी ध्वनी प्रदुषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२३) शहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै प्रदुषणको कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने । यस कार्यविधि र नगरपालिकाको निर्देशनको बर्खिलाप गरी कसैले ध्वनी प्रदुषण गरेमा प्रथम पटक सम्झाई बुझाई गर्ने । नमानेमा सामान जफत गरी रु ३,०००/- (रुपैया तीन हजार ) जरिवाना गर्ने । उल्लंघन गरेमा पटकै पिच्छे रु ५,०००/- (रुपैया पाँच हजार ) जरिवाना गर्ने ।

२४) नगरपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सुची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२५) नगरपालिकाबाट संचालन भएको भए वा हुने दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

२६) विपत माहामारी भएमा उद्धार तथा राहतकालागि तुरुन्त खटी जाने ।

२७) नगरपालिका वडा मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अर्न्तगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२८) नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

२९) अनाधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा व्यवस्थापन गरी रु ५००/- (रुपैंया पाँच सय) जरिवाना समेत गराउने । सवारी साधन (मोटर साइकल, साइकल, ठेला आदी) उठाई ल्याउनुपर्ने अवस्था भएमा नगरपालिकामा ल्याउने र सो वापत रु १,०००/- (रुपैंया एक हजार) जरिवाना समेत गराई साधन बुझाईदिने । उठाइल्याउन नसकिने ठुला साधनका हकमा ब्हील लक गरी राख्ने, ब्हील गरेको समयदेखि प्रति घण्टा रु. ५००/- (रुपैंया पाँच सय ) जरिवाना गरि पेश गर्ने ।

३०) सडक तथा सडकको क्षेत्राअधिकार भित्र वा कुनै सार्बजनिक स्थानमा निर्माण सामाग्री राखि त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामाग्री हटाउन लगाई रु ५,०००/- (रुपैंया

पाँच हजार) जरिवाना समेत गर्ने । सामाग्री हटाउन अटेर गरि आलटाल गरेमा सो सामाग्री हटाउने र सो कार्य गर्दा लागेको खर्च र जरिवाना रु. १०,०००/- (रुपैंया दश हजार) समेत निजबाट असुल उपर गर्ने ।

३१. स्थानीय बजार व्यवस्थापन गर्ने गराउने : सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकारभित्र कुनै पसल ब्यवसाय संचालन गर्न नदिने । हटाउन लगाउंदा समेत अटेर गरेमा त्यस्ता सामाग्री उठाई नगर प्रहरीको नियन्त्रणमा राखी सो को विवरण नगर प्रहरी संचालन शाखामा बुझाउने । सम्बन्धित ब्यक्तिले तीन दिन भित्र आफ्नो सामाग्री लिन आएमा रु ३,०००/- (रुपैंया तिन हजार) जरिवाना गरी सामाग्री बुझाउने । तिन दिन पुरा भएपछि पनि सम्पर्क राख्न नआएमा सुचना पाटी र वेवसाईटमा तीन दिनको सुचना दिई छोटो प्रक्रियाद्धारा लिलाम गरि प्राप्त भएको आम्दानी नगरपालिकाको खातामा जम्मा गर्ने । सडेर कुहेर जाने सामाग्री तत्काल उचित स्थानमा गाड्ने वा लिलाम गर्ने गराउने कार्यको लागि नगर प्रहरी संचालन शाखामा विवरण सहित ब्यवस्थापन गर्न सहजिकरण गर्ने ।

३२) कारवाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नुपर्ने भएमा नगर प्रहरी संचालन शाखाबाट प्रकृया पुर्‍याई प्रहरी कार्यालयमा बुझाउनुपर्ने वा तारेखमा राख्नु पर्ने भए नगर प्रहरी संचालन गर्ने शाखाबाट व्यहोरा खोली प्रशासन महाशाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने, सो सम्बन्धमा प्रमुखबाट निर्णय भए बमोजिम गर्ने ।

३३) उल्लेखित कार्यमा चित्त नबुझी पुनरावेदन गर्नु परेमा सम्वन्धित पक्षले प्रमुख समक्ष तीन दिन भित्र निवेदन दिनुपर्ने छ र सो को सात दिन भित्र प्रमुखले निर्णय दिनुपर्ने छ ।

३३) नगरपालिकाबाट समय समयमा तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४
## तह विभाजन र पदपुर्ति

**७) नगर प्रहरी सेवाको गठन :**

नगरपालिकामा एक नगर प्रहरी सेवा रहने र यसको संगठन संरचना नगरसभाले निर्धारण गरे वमोजिम हुनेछ ।

**८) नगर प्रहरी कर्मचारीको पद र तह निर्धारण :**

१) नगर प्रहरी सेवामा निम्न अनुसारको पद र तहहरु रहनेछन् ।

क) नगर प्रहरी इन्चार्ज ...................... .सहायक स्तर चौथो............१

ख) नगर प्रहरी हवल्दार ..................... .सहायक स्तर तेस्रो..............१

ग) प्रहरी जवान ....................... ..... सहायक स्तर पहिलो .............५

२) नगरपालिकाले प्रत्येक नगर प्रहरी पदको लागि कार्य विवरण वनाई सम्बन्धित पदको काम, कर्तव्य, अधिकार तथा वहन गनुपर्ने उत्तरदायित्वको समेत उल्लेख गरिनेछ ।

**९) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति :**

क) नगरपालिकाको स्वीकृत दरबन्दी अनुरुप नगर प्रहरी कर्मचारीहरुको पदपूर्ति करार सेवावाट गरिनेछ ।

**१०) नगरप्रहरी सेवाका उम्मेदवारको योग्यता :**

नगर प्रहरीको कुनैपनि पदको प्रतिस्पर्धामा भाग लिन निम्न योग्यता हुन वान्छनिय छ ।

क) दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष पुगी ३० वर्ष ननाघेको,

ख) कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

घ) नेपाली नागरिक,

ङ) पुरुषको लागि घटीमा ५ फिट २ इन्च र महिलाको लागी घटीमा ५ फिट उचाई भएको

च) छाती नफुलाउदा घटीमा ३१ इन्च र फुलाँउदा ३३ इन्च भएको,

छ) आँखा माइनस २ र प्लस २ भन्दा वढी कमजोर नभएको,

ज) स्विकृत चिकित्सकद्धारा निरोगिताको प्रमाणपत्र पाएको,

झ) नगर प्रहरी इन्चार्जको निम्ति मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा दश जोड दुई परिक्षा उर्तिण गरेको हुनुपर्नेछ साथै हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ ।

ञ) नगरप्रहरी हवल्दार निम्ति सरकारी मान्यता प्राप्त शिक्षण संस्थावाट एसइई परिक्षा उर्तिण गरेको हुनुपर्नेछ ।

ट) नगर प्रहरी जवानको निम्ति सरकारी मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा दशम कक्षा उर्तिण गरेको हुनुपर्नेछ ।

**११) पदपूर्ति समिति :**

नगर प्रहरी कर्मचारी आवश्यक परेमा सुचना प्रकाशित गर्ने, लिखित एवं मौखिक परिक्षा लिई आवश्यक सिफारिस गर्न कार्यको प्रयोजनको लागी देहाय वमोजिमको पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत : संयोजक

ख) सामान्य प्रशासन महाशाखा प्रमुख : सदस्य सचिव

ग) प्रमुखले तोकेको विज्ञ : सदस्य

घ) समितिले आवश्यकता अनुसार अन्य विज्ञ, कर्मचारीलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१२) करार गर्ने :**

क) पदपूर्ति समितिले न्यूनतम योग्यता प्राप्त गरेका उम्मेदवारहरुको सुचिकृत गर्नेछ । मुख्य उम्मेदवारलाई सात दिनको म्याद दिई करार गर्न सुचना दिनुपर्नेछ ।

ख) सूचिकृत भएका उम्मेदवारहरुको शारीरिक अभ्यास हुनेछ ।

ग) उपदफा क) बमोजिम ७ दिन भित्र चयन भएका उम्मेदवारहरु करार गर्न नआएमा वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ । उक्त करार अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ ।

घ) यसरी करारमा नियुक्त नगर प्रहरी कर्मचारीले करारको निरन्तरता नचाहेमा कम्तीमा २ महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

**१३) सुचिकृत भएका उम्मेदवारहरुको शारिरीक अभ्यास :**

क. सुचिकृत भएका उम्मेदवारहरुको शारिरीक अभ्यासका लागि कम्तिमा ७ दिनको सूचना दिइनेछ ।

ख. शारिरीक अभ्यास गराउने कार्यका लागि नगर कार्यपालिकाको कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्नेछ ।

ग. शारिरीक अभ्यासमा सफल भई जिल्ला प्रहरी कार्यालयवाट सिफारिस भएका उम्मेदवारहरु उपलव्ध भएसम्म चाहिने संख्या भन्दा २५ प्रतिशत थप उम्मेदवारहरुलाई अर्न्तवार्तामा सामेल गराउनुपर्नेछ ।

घ. अर्न्तवार्ता समेतवाट उत्तिर्ण भएका उम्मेदवारहरुलाई करार संभ्कौता गरिसकेपछि नगर प्रहरीलाई जिल्ला प्रहरी कार्यालय मार्फत आवश्यक आधारभूत तालिम दिइनेछ । यो तालिममा अनिवार्य सहभागी हुनु नगर प्रहरीको दायित्व हुनेछ । तालिममा सहभागी नहुने नगर प्रहरी कर्मचारीसँगको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

ङ. आर्थिक वर्षको श्रावण १ देखि अर्को वर्षको असार सम्मको लागी मात्र करार गर्नुपर्नेछ । करार अवधि समाप्त भएपछि सेवा सन्तोषजनक भएमा आपसी सहमतिमा म्याद थप गर्न सकिनेछ तर स्वतः म्याद थप भने हुनेछैन ।

**१४) करार समाप्ती :**यस कार्यविधि वमोजिम करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि सामान्य प्रशासन महाशाखाले सिफारिस गरेमा प्रमुखले आवश्यक छानबीन गर्न लगाई मुनासिव सर्फाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारवाट हटाउन सक्नेछ ।

## परिच्छेद ५
## विदा
## तालिम

**१५) नगर प्रहरी जनशक्तिले निम्न अनुसारको बिदा पाउनेछ :**

१. भैपरी आउने र पर्व विदा

२. घर विदा

३. विरामी विदा

४. विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिनेछ ।

५. यस कार्यविधि वमोजिम विदा नलिई नगर प्रहरी जनशक्ति गैर हाजिर हुन पाउने छैन । बिना कुनै जानकारी विदा वसी कार्यालयको काममा बाधा उत्पन्न भएमा कार्यालयले निजसंगको सम्झौता तोड्न सक्नेछ ।

६. भैपरी/ पर्वविदा : १) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नवढाई भैपरी/पर्व विदा पाउनेछन् ।

७. भैपरी/पर्व विदा सामान्यत : एक पटकमा २ दिनमा नवढाई लिन पाइनेछ ।
८. भैपरी आउने/पर्व विदा एक सालको अर्को सालमा लिन पाइनेछैन ।
९. प्रहरी इन्चार्ज प्रमुख प्रशासकीय अधिकृत समक्ष  र अन्य जनशक्तिले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको अधिकृत समक्ष निवेदन पेश गरि स्वीकृती नलिई विदा वस्न पाईने छैन ।
१०. भैपरी/पर्व विदा शनिवार बाहेक अरु दिनका विदाहरुसंग मिलाई लिन पाइने छैन ।

## परिच्छेद ६
## आचरण

**१६) दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनैपनि प्रकारको असर पर्नसक्ने गरि कुनैपनि नगर प्रहरी र निजका परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी वा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैवाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार चन्दा स्वीकार गर्नु हुँदैन ।

**१७) चन्दा लिन नहुने** : कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृती विना कुनैपनि कामको निम्ति कुनै पनि किसिमको चन्दा माग्न वा स्वीकार गर्न हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने कार्यमा समेत भाग लिनु हुँदैन ।

**१८) व्यापार व्यवसाय गर्न नहुने** : कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती बेगर देहायका कार्यहरु गर्न हुँदैन :

क) कुनै व्यापार गर्न
ख) कुनै फर्मको हिस्सेदार वा संचालक हुन र
ग) कुनै व्यवसाय चलाउन

**१९) नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** :
नगर प्रहरीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरपालिका वा गैह्र सरकारी संघसंस्थावाट प्राप्त गरेको

वा आफैंले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपवाट अरु अनधिकृत प्रहरी कर्मचारीलाई वा गैह्र सरकारी व्यक्तिलाई वा कुनैपनि सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन ।

**२०) रेडियो, अनलाईन, टिभी वा पत्रपत्रिकासँग सम्पर्क राख्न नहुने :**
नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै रेडियो, अनलाईन, टिभी, सामाजिक सञ्जाल वा पत्रपत्रिकामा आफु नै वास्तविक अथवा काल्पनिक नामवाट अथवा बेनामी कुनै लेख प्रकाशन वा प्रशारण गर्नु हुँदैन ।

**२१) नगरपालिकाको आलोचना** : नगरप्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरि अथवा नगरपालिका र नगरवासीमा खलल पुग्ने गरि भाषण, सम्वाद, लेख रचना प्रकाशन, प्रसारण वा सम्प्रेषण वा सामाजिक सञ्जान प्रयोग गर्नु हुदैन ।

**२२) राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक दललाई सहायताको निम्ति चन्दा दिन अथवा कुनै राजनीतिक दल वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**२३) समयको परिपालना र नियमितता** :
नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले नै विदा नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

**२४) अनुशासन र आज्ञापालन :**

१. नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताका साथ गर्नुपर्दछ ।
२. नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्वन्धि कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नुपर्दछ ।
३. नगर प्रहरीको कार्यमा खटिएका जनशक्तिले आफ्नो नोकरी सम्बन्धि कुरामा आफुभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्ने काम गर्नु हुँदैन ।
१७. नगर प्रहरी जनशक्तिले बाहिरी प्रभाव पार्न हुँदैन ।
१८. प्रचलित कानून विपरित हुने गरि कुनैपनि कार्य गर्न गराउन पाईदैन ।

## परिच्छेद ६
## सजाय

**२५) सजाय :** कुनै पनि नगर प्रहरी कर्मचारीलाई उचित र पर्याप्त कारवाही गर्ने आधार कारण भएमा निम्नानुसार सजाय गर्न सकिनेछ ।

१) सन्तोषजनक काम नगरेमा,
२) अनुशासनहीन कार्य गरेमा,
३) आचारण सम्बन्धि व्यवस्था उल्लंघन गरेमा,
४) दिएका आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,
५) मनासिव कारण वेगर वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा,
६) लापरवाही गरेमा वा आदेशको पालना नगरेमा,

माथिको १) देखि ६) सम्मका कार्यहरु भए गरेको प्रमाणित भएमा नगर प्रहरी कर्मचारीलाई निम्न बमोजिम सजाय हुनसक्नेछ :

क) चेतावनी दिने, स्पष्टिकरण सोध्ने,
ख) नसिहत दिने,
ग) सम्झौता रद्द गर्ने,
घ) लापरवाही गरि नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा नोक्सानी भएको पुरै वा आंशिक रुपमा तलव भत्तावाट कट्टी गरि वा अपुग भएमा घर घरानाबाट समेत असुल उपर गर्ने,

**२६) नोकरीवाट हटाउने वा बर्खास्त गर्ने :**

१) कुनै प्रहरी जनशक्तिले करार सेवामा उल्लेखित दायित्व पुरा गर्न नसकेकोमा,
२) राजनीतिमा भाग लिएमा,
३) पटक पटक अनुशासनहीन कार्य गरेमा,
४) नैतिक पतन देखिने फौजदारी अभियोगको कार्य गरेमा,
५) डिउटीमा भएको अवस्था वा नरहेको अवस्थामा बर्दिको पोशाक लगाइ मादक पदार्थ सेवन गरि हिंडेमा वा जथाभावी गरेमा,

६) कार्यालय वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना नगरेमा वा उल्लंघन गरेमा,

७) भ्रष्टाचारजन्य कार्य गरेमा,

८) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

९) आचरण सम्बन्धि नियमहरु बारम्वार उल्लंघन गरेमा,

१०) मनासिव कारण नभई वा विदाको पूर्व स्विकृति बेगर विदा बसेमा,

**२७) सजाय सम्बन्धि कार्यविधि :** १) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) माथिका उपदफाहरुमा जे लेखिएको भएपनि सजाय दिनुअघि कारवाही गर्न लागेको सुचना र हुनसक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद ७
## तलब, पोशाक तथा अन्य सुविधा

**२८) तलब भत्ता सम्बन्धि व्यवस्था : १)** नगरपालिकामा करार सेवामा नियुक्त हुने नगर प्रहरी कर्मचारीको तलव भत्ता सम्बन्धमा नगरपालिकाको कर्मचारी प्रशासन, आर्थिक प्रशासन नियमावली एवं नगर कार्यपालिकाको निर्णय लगायत नगरसभाको निर्णय अनुसार हुनेछ ।

२) माथि उपदफा १ बमोजिम बाहेक नगर प्रहरीलाई आवश्यक राशन र अन्य सुविधाको ब्यवस्था नगर कार्यपालिकाले निर्णय गरि निर्धारण गरि करार सम्झौतामा उल्लेख गरिए अनुसार सुविधा उपलब्ध गराइनेछ ।

**२९)** नगर प्रहरी कर्मचारीलाई अनुसूची १ मा तोकिए बमोजमको पोशाक उपलब्ध गराइनेछ । प्रत्येक नगर प्रहरी कर्मचारीलाई प्रत्येक बर्ष एक सेट पोशाक उपलब्ध गराइनेछ । तर नयाँ नियुक्ति हुँदाको हकमा भने दुई सेट पोशाक उपलब्ध गराइनेछ ।

**३०)** अनूसुची १ मा उल्लेखित सामानहरु प्रत्येक नगर प्रहरी कर्मचारीलाई दुई वर्षमा उपलब्ध गराइनेछ ।

**३१)** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुले मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको शिलशिलामा फाटी गएमा सो को मूल्याँकन गरि उपलव्ध गराइनेछ ।

## परिच्छेद ९
## विविध

**३२) दर्ज्यानी चिन्ह :** नगर प्रहरीको दर्ज्यानी चिन्ह नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३३) रासन :** नगर प्रहरीलाई नगरकार्यपालिकाले तोके बमोजिमको रासन उपलब्ध हुनेछ ।

**३४) तलव भत्ता :** नगर प्रहरीको तलब भत्ता समान तहका कर्मचारीले पाए सरह हुनेछ । अन्य थप सुविधाका हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३५.संशोधनः** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनूसुची १
## ( दफा २९ सँग सम्वन्धित)

| क्र.सं. | विवरण | थान | रंग |
|---|---|---|---|
| १. | सर्ट | १ | हल्का कफि |
| २. | पाइन्ट | १ | हल्का कफि |
| ३. | स्वीटर | १ | हल्का कफि |
| ४. | जुत्ता (वुट) | १ जोर | कालो |
| ५. | वेल्ट | १ | |
| ६. | क्याप | १ | |
| ७. | डोरी सहितको सिट्ठी | १ | रातो धागोको डोरी |
| ८. | जाकेट | १ | |
| ९. | मोजा | १ | |

## अनूसुची २
## (दफा २४ संग सम्बन्धित)

| क्र.सं. | विवरण | थान | रंग |
|---|---|---|---|
| १. | नगर प्रहरी लेखिएको पाखुरामा लगाउने कपडाको ब्याज | १ | सेतो रंगले पनौती नगरपालिका नगर प्रहरी लेखिएको |
| २. | कुममा लगाउने | १ | पित्तलको अक्षरमा नगर प्रहरी लेखिएको |
| ३. | छातीमा लगाउने नाम | १ | खैरो कलरमा (खाकीको कपडा) |
| ४. | लौरो | १ | ३ फुट लम्वाइको |

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७६/०८/०९**

**हरीप्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : पनौती प्रिन्टिङ प्रेश*